नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

# जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौं (क)

इमेल: scokathmandu@nsonepal.gov.np

फोन नं.:- ०१-५२४२०५५

मिति:-२०८२/१२/१५

## अन्तर्वार्तामा उपस्थित हुने सूचना।

राष्ट्रिय तथ्याङ्क कार्यालयले 'राष्ट्रिय आर्थिक गणना, २०८२' सञ्चालन गर्न काठमाडौं जिल्लामा आवश्यक करार जनशक्ति (सुपरिवेक्षक/गणक) पदपूर्ति गर्ने सन्दर्भमा प्रकाशन गरेको प्रारम्भिक सूची (सर्ट लिस्ट) मा परेका सुपरिवेक्षक र गणकहरुको अन्तर्वार्ता राष्ट्रिय तथ्याङ्क कार्यालयको च.नं.११९२ मिति २०८२/१२/१२ को "अन्तर्वार्ता तथा अन्तिम नतिजा सम्बन्धमा" विषयको संलग्न पत्रमा उल्लेखित मापदण्डको आधारमा देहाय बमोजिम २०८२ चैत्र १९ गतेदेखि २४ गतेसम्म तथ्याङ्क समन्वय कार्यालय, काठमाडौं (जिल्ला आर्थिक गणना कार्यालय, शङ्खमूल, काठमाडौं) मा हुने भएकोले आफ्नो नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रका सक्कल र १-१ प्रति प्रतिलिपिसहित उपस्थित हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**अन्तर्वार्ता हुने मिति, समय र स्थान**

| क्र.सं. | पद | प्रारम्भिक सूचीको क्रम सङ्ख्या | अन्तर्वार्ता मिति | समय | स्थान |
|---|---|---|---|---|---|
| १ | सुपरिवेक्षक | १ – १० | २०८२ चैत्र १९ गते विहिबार | १० बजे | जिल्ला आर्थिक गणना कार्यालय, क शङ्खमूल, काठमाडौं गुगल प्लस कोड: 7MV7M8HM+W9 |
| | | ११-२० | " | ११ बजे | |
| | | २१-३० | " | १२ बजे | |
| | | ३१-४० | " | १ बजे | |
| | | ४१-५० | " | २ बजे | |
| | | ५१-६० | " | ३ बजे | |
| | | ६१-७० | " | ४ बजे | |
| २ | सुपरिवेक्षक | ७१ – ८० | २०८२ चैत्र २० गते शुक्रबार | १० बजे | जिल्ला आर्थिक गणना कार्यालय, क शङ्खमूल, काठमाडौं गुगल प्लस कोड: 7MV7M8HM+W9 |
| | | ७१-९० | " | ११ बजे | |
| | | ९१-१०० | " | १२ बजे | |
| | | १०१-१११ | " | १ बजे | |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

# जिल्ला आर्थिक गणना कार्यालय, काठमाडौं (क)

इमेल: scokathmandu@nsonepal.gov.np
फोन नं.:- ०१-५२४२०५५

**अन्तर्वार्ता हुने मिति, समय र स्थान**

| क्र.सं. | पद | प्रारम्भिक सूचीको क्रम सङ्ख्या | अन्तर्वार्ता मिति | समय | स्थान |
|---|---|---|---|---|---|
| ३ | गणक | १ – २० | २०८२ चैत्र २२ गते आइतबार | १० बजे | जिल्ला आर्थिक गणना कार्यालय, क शङ्खमूल, काठमाडौं<br>गुगल प्लस कोडः 7MV7M8HM+W9 |
| | | २१-४० | " | ११ बजे | |
| | | ४१-६० | " | १२ बजे | |
| | | ६१-८० | " | १ बजे | |
| | | ८१-१०० | " | २ बजे | |
| | | १०१-१२० | " | ३ बजे | |
| | | १२१-१४० | " | ४ बजे | |
| ४ | गणक | १४१ – १६० | २०८२ चैत्र २३ गते सोमबार | १० बजे | जिल्ला आर्थिक गणना कार्यालय, क शङ्खमूल, काठमाडौं<br>गुगल प्लस कोडः 7MV7M8HM+W9 |
| | | १६१-१८० | " | ११ बजे | |
| | | १८१-२०० | " | १२ बजे | |
| | | २०१-२२० | " | १ बजे | |
| | | २२१-२४० | " | २ बजे | |
| | | २४१-२६० | " | ३ बजे | |
| | | २६१-२८० | " | ४ बजे | |
| ५ | गणक | २८१ – ३०० | २०८२ चैत्र २४ गते मङ्गलबार | १० बजे | जिल्ला आर्थिक गणना कार्यालय, क शङ्खमूल, काठमाडौं<br>गुगल प्लस कोडः 7MV7M8HM+W9 |
| | | ३०१-३२० | " | ११ बजे | |
| | | ३२१-३४० | " | १२ बजे | |
| | | ३४१-३५५ | " | १ बजे | |

सोधपुछको लागि : अस्मिता पवन : मो.९८४१८१६१३६ गिता पन्थी : मो.९८४१४४६४८७

.........................
(लोक बहादुर खत्री)
जिल्ला आर्थिक गणना अधिकारी

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राष्ट्रिय तथ्याङ्क कार्यालय

फोन ५३४५९४६, ५३४५९४७, ५३४५९४८, ५३४५८४८, ५३४१८०१, ५३२९४०६

पो.ब.नं. ११०३१
रामशाहपथ,
थापाथली, काठमाडौं

पत्र संख्याः ०८२/८३
च.नं. : ११६२

श्री जिल्ला आर्थिक गणना कार्यालय,
सबै ।

मितिः २०८२/१२/१२

विषयः अन्तर्वार्ता तथा अन्तिम नतिजा सम्बन्धमा ।

प्रस्तुत विषयमा देशभरमा ८४ ओटा जिल्ला आर्थिक गणना कार्यालय वि.सं. २०८२ चैत १ गते देखि २०८३ असार मसान्तसम्म ४ महिना अवधिका लागि स्थापना गरी राष्ट्रिय आर्थिक गणना, २०८२ को स्थलगत कार्य सम्पन्न गर्न कार्यालयको मिति २०८२/१२/११ को निर्णयानुसार तहाँ अन्तर्गत स्थलगत कार्यमा खटिने सुपरिवेक्षक र गणकको प्रारम्भिक सूची सार्वजनिक गरिएको सन्दर्भमा जिल्ला आर्थिक गणना कार्यालयले प्रारम्भिक सूची (सर्टलिष्ट)मा परेका गणक र सुपरिवेक्षकको छनोटका लागि अपनाउनु पर्ने अन्तर्वार्ताको मापदण्डको लागि देहायबमोजिम प्रयोग गर्नहुन कार्यालयको मिति २०८२/११/०४ को निर्णयानुसार निर्देशनानुसार जानकारी गराइन्छ।

तपसिलः
सम्बन्धित जिल्ला आर्थिक गणना कार्यालयले अन्तर्वार्ताको लागि तपसिलका आधारमा उम्मेदवारको अन्तिम छनोट गरी २०८२/१२/२४ भित्र अन्तिम नतिजा प्रकाशन गर्ने।

- जिल्ला आर्थिक गणना कार्यालयले केन्द्रबाट पठाइएको सर्टलिस्टमा परेका व्यक्तिको अन्तर्वार्ताको समयमा दरखास्तसाथ पेश गरिएका सबै कागजपत्र रुजु गरी अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको अन्तिम सूची प्रकाशन गर्ने।
- विदेशी शैक्षिक संस्थाको प्रमाणपत्र पेश गरेको भएमा अनिवार्य रुपमा समकक्षता प्रमाणपत्र अन्तर्वार्ताको समयमा पेश गर्न लगाउने।
- दरखास्त फाराममा भरिएको विवरण र अनुभवको प्रमाणपत्र तथा लब्धाङ्क पत्रको विवरण फरक पारेको देखिएमा कैफियत जनाई अन्तर्वार्ता सूचीबाट हटाउने।
- अन्तर्वार्ताको लागि देहाय बमोजिम मापदण्डको प्रयोग गरी अन्तर्वार्ताबाट उच्च अङ्क प्राप्त गर्ने व्यक्तिलाई छनोट गर्ने।

**अन्तर्वार्ताको लागि अपनाउनु पर्ने मापदण्ड**

| सि. नं. | आधार | पूर्णाङ्क |
|---|---|---|
| (क) | अन्तर्वार्ता | २० |
| १ | गणना तथा सर्वेक्षणको बारेमा जानकारी (विषय क्षेत्र) | ५ |
| २ | व्यक्तित्व र प्रस्तुति | ५ |
| ३ | नागरिकता र काम गर्न चाहेको स्थानीय तह एकै भएको | ५ |
| ४ | समय उपलब्धता | ५ |
| (ख) | शैक्षिक योग्यता | ५ |
| १ | न्यूनतम शैक्षिक योग्यता | ३ |
| | ग्रेड A, A+ वा ८० प्रतिशत भन्दा बढी अङ्क प्राप्त | ३ |
| | ग्रेड B, B+ वा ६० देखि ७९.९ प्रतिशत अङ्क प्राप्त | २ |
| | ग्रेड C, C+ वा C भन्दा न्यून वा ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त | १ |
| २ | माथिल्लो शैक्षिक योग्यता | २ |
| | कुल पूर्णाङ्क | २५ |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

फोन ५३४५९४६, ५३४५९४७, ५३४५९४८, ५३४५८४८, ५३४१८०१, ५३२९४०६

पत्र संख्याः ०८२।८३
च.नं. : ११५२

पो.ब.नं. ११०३१
रामशाहपथ,
थापाथली, काठमाडौं

- यसरी छनोट गर्दा एक मात्र दरबन्दी भएको अवस्थामा योग्यता (मेरिट) का आधारमा र दुई वा सो भन्दा बढी दरबन्दी भएको अवस्थामा उपलब्ध भएसम्म कम्तिमा ५० प्रतिशत महिलाको सङ्ख्या कायम हुने गरी छनोट गर्ने।
- अन्तर्वार्तामा सामेल भई अन्तिम उत्तीर्ण सूचीमा नपरेका उच्च अङ्क हासिल गर्ने मध्येबाट आवश्यक सङ्ख्याको कम्ती ५० प्रतिशत वैकल्पिक उम्मेदवारको सूची प्रकाशन गर्ने।

**अन्तर्वार्ताको छनोट समिति सम्बन्धमा**

क) देहाय अनुसारको अन्तर्वार्ता छनोट समिति रहनेछः

१. जिल्ला आर्थिक गणना अधिकारीः — संयोजक
२. केन्द्रीय प्रतिनिधि वा केन्द्रले तोकेको प्रतिनिधिः — सदस्य
३. सहायक आर्थिक गणना अधिकारी/ वा जिल्ला आर्थिक गणना अधिकारीले तोकेको व्यक्तिः — सदस्य सचिव

ख) एकभन्दा बढी अन्तर्वार्ता छनोट समिति बनाउनु पर्ने अवस्थामा राष्ट्रिय तथ्याङ्क कार्यालयले तोकेको अधिकृत संयोजक हुने र सम्बन्धित आर्थिक गणना अधिकारीले अन्य सदस्य तोकी आवश्यक थप समिति गठन गर्ने।

ग) सुपरिवेक्षकको हकमा एक भन्दा बढी जिल्ला आर्थिक गणना कार्यालय भएको जिल्लामा जिल्ला आर्थिक गणना कार्यालय "क" ले जिल्ला भित्रका अन्य जिल्ला आर्थिक गणना कार्यालयको समन्वयमा सबै सुपरिवेक्षक उम्मेदवारको अन्तर्वार्ता लिई अन्तिम सूची प्रकाशन गर्ने। गणकको अन्तर्वार्ता सम्बन्धमा सम्वन्धित जिल्ला आर्थिक गणना कार्यलयले नै सबै कार्य सम्पन्न गर्नुपर्नेछ तर काठमाडौं महानगरपालिकाको हकमा जिल्ला आर्थिक गणना कार्यालय काठमाडौं "क" ले जिल्ला आर्थिक गणना कार्यालय काठमाडौं "ख" र "ग" को समन्वयमा गणकको अन्तर्वार्ता व्यवस्थापनका कार्य गर्ने ।

**अन्तर्वार्ता र नतिजा प्रकाशन कार्यतालिका सम्बन्धमा**

- जिल्ला आर्थिक गणना कार्यालयले सर्टलिस्टमा परेका उम्मेद्वारको अन्तर्वार्ता लिनेः २०८२ चैत २०-२४ गतेभित्र तालिका तयार गरी सञ्चालन गर्न सक्नेछ।
- छनोट भएकाको अन्तिम नामावली प्रकाशन र नियुक्तिः २०८२ चैत २२-२५ गतेभित्र सम्पन्न गर्न सक्नेछ।

डा. बेद प्रसाद ढकाल
निर्देशक